म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- २९ २०८१ मंसिर ३० गते आइतबार 15 December 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

## ९० वटा बंगुर मरे

हेटौँडाः हेटौँडा-१, जरुवाटोलमा ९० वटा बंगुर मरेका छन् । हेटौँडा आधुनिक कृषी पशुपन्छी तथा माछा फर्मका संचालक सूर्य कुमार अधिकारीको फर्ममा ९० वटा बंगुर मरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। अधिकारीको फर्ममा २४ गतेदेखि शुक्रबारसम्म साना बच्चाहरु र ठुला माउ समेत गरी जम्मा ९० वटा बंगुरको मृत्यु भएको थियो । स्थानीय भेटेनरीका डाक्टरहरुले रसियन भाइरसक कारण मृत्यु भएको बताएको प्रहरी चौकि चौकीटोल मातहतका प्रहरी सहायक निरक्षक सन्जीत साहले जानकारी दिनुभयो। थप परीक्षणका लागि स्याम्पल् काठमाडौं लगिएको साहले बताउनुभयो। यो रोग बङ्गुरमा मात्र देखा परेको छ।

# रवि लामिछानेमाथि अन्याय भएको छैनः मुख्य सचेतक बर्तौंला

समाज संवाददाता

हेटौंडाः संघीय सरकारका मुख्य सचेतक महेश बर्तौलाले पूर्व गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेमाथि अन्याय नभएको बताउनुभएको छ। शनिबार नेपाल कम्युनिष्ट पार्टी (एमाले) हेटौंडा उपमहानगरपालिका कमिटीको दोस्रो अधिवेशनलाई सम्बोधन गर्नुहुँदै मुख्य सचेतक बर्तौलाले सहकारी ठगी प्रकरणमा विभिन्न ठाउँमा उजुरी परेपछि अनुसन्धानका लागि कहिले पोखरा, कहिले चितवन लगिएको जानकारी दिनुभयो ।

सामाजिक सञ्जालबाट नै रवि लामिछानेलाई सफाई दिनुपर्छ, निर्दोष हो भनेर उन्मुक्ति दिनुपर्छ भनिरहेको अवस्थामा कानुनी तरिकाबाट जवाफ दिन जरुरी रहेको बताउनुभयो । यस्तै मुख्य सचेतक बर्तौलाले हिरासतभित्र भएको व्यक्ति लामिछानेले हिरासतमै पार्टी चलाएको आरोप लगाउनुभयो । हेटौंडा औद्योगिक क्षेत्र क्षेत्रभित्र रहेका कैयौं जग्गाहरु उपयोगहिन भएर बसेको भन्नुहुँदै उद्योग चल्न नसकेकोप्रति दुख व्यक्त गर्नुभयो । पार्टीको एजेण्डा वडाध्यक्ष, मेयर, सांसद, प्रधानमन्त्रीको मस्तिष्कमा के चल्यो त्यो आधारमा होइन शिक्षामा एमालेले के गर्ने ? जस्ता विषयमा केन्द्रीत रहेर घोषणापत्र तयार गरेर कार्यान्वयनमा ल्याउन जोड दिनुपर्नेमा उहाँको भनाइ थियो ।



*नेकपा एमाले हेटौँडा उपमहानगर कमिटीको अधिवेशनलाई सम्बोधन गर्नुहुँदै संघीय सरकारका प्रमुख सचेतक महेश बर्तौला ।*

बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले अहिले पार्टी अन्तर्राष्ट्रिय रुपमा चौतर्फी घेराबन्दीमा रहेको बताउनुभयो । प्रधानमन्त्री केपी शर्मा ओलीलाई हटाउनका लागि अन्तर्राष्ट्रिय खेल खेलिरहेको उहाँले आरोप लगाउनुभयो । पार्टीले मिसन २०८४ लक्षित गर्दा अहिलेको अवस्थाले मिसन २०८४ सफल नहुने पौडेलले दावी गर्नुभयो। यसैगरी नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज रामेश्वर रानाले १९ वडामा एक सय ९० युवाहरु भावी नेताको रुपमा हुर्कदै गरेको र त्यो क्रममा तयारी छ कि छैन भन्ने विषय बुझ्न जरुरी रहेको बताउनुभयो ।

पुस्तान्तरणको कुरा चलिरहँदा हार्दिकताका साथ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई बा भनेर सम्बोधन गरेर सम्मान गरिरहेको र महासचिवको निर्देशनलाई पालना गरिरहेको बताउनुभयो। यदि पार्टी राजनीतिक भयो भन्दै गर्दा यहाँ बा हुनुहुन्छ भने काका पनि हुनुहुन्छ बताउनुहुँदै दाइ, भाइ, छोराछोरी पनि छन् । पार्टीभित्रको जिम्मेवारीलाई पूरा गरिएको छ कि छैन भन्ने कुरा बुझ्न जरुरी रहेको उहाँले स्पष्ट पार्नुभयो । अधिवेशनबाट हेटौँडा उपमहानगरको नयाँ कमिटी चयन गर्नेछ। नेकपा एमाले हेटौँडा उपमहानगर कमिटीमा बोलबहादुर कार्की र जनरल श्रेष्ठको दावी देखिन्छ । उद्घाटन सत्र लगत्तै निर्वाचन समितिले निर्वाचनको प्रक्रिया अगाडि बढाएको छ ।

## एमाले मनहरीमा सुवेदी

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले मनहरी गाउँपालिकाको अध्यक्षमा नवीन सुवेदी सर्वसम्मत चयन हुनुभएको छ। शुक्रबार सम्पन्न दोस्रो अधिवेशनले सुवेदीको नेतृत्वमा ५१ सदस्यीय पालिका कमिटी चयन गरेको हो । उपाध्यक्षमा बुद्धिराम मुक्तान, सचिवमा पोषक बाबु विष्ट, सहसचिवमा अमृत बार्तौला र समावेशी सहसचिवमा उमा लामा चयन हुनुभएको छ । ३३ प्रतिशत महिलाको सहभागिता कार्यसमितिमा रहेको मनहरी गाउँपालिकाका पूर्व अध्यक्ष एकराज उप्रेतीले जानकारी दिनुभयो ।

## एमालेमा ४ जना आकांक्षी

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले हेटौंडा उपमहानगरपालिकाको अधिवेशनअन्तर्गत निर्वाचनको कार्यक्रम सुरु भएको छ । शनिबार भएको निर्वाचन प्रक्रियामा चार जनाले अध्यक्ष पदमा उम्मेद्वारी दिएका छन्। दोश्रो अधिवेशनमा सहमति हुन नसकेपछि चार जना अध्यक्ष सहित सम्पूर्ण पदाधिकारीमा उम्मेद्वारी परेको हो। एकजना अध्यक्षको लागि इन्द्र नेपाल, जनरल श्रेष्ठ "जेन", बोलबहादुर कार्की र नवराज खतिवडाको उम्मेद्वारी परेको हो । उपाध्यक्षमा इन्द्रप्रसाद खतिवडा, धनवहादुर मुक्तान र राजकुमार बास्तोलाको उम्मेद्वारी परेको छ ।

सचिवमा प्रकाश बाँनीया, सविन मुक्तान र शान्ता गौतम "प्रदिप"को उम्मेद्वारी परेको छ । उपसचिव खुल्लातर्फ अर्जुनप्रसाद अर्याल, कवि रेग्मी, भीम तिमल्सिना, सुरेश मिजार 'बेरोजगार', शान्तेकुमार लामा तामाङ र शिवबहादुर थापाको उम्मेद्वारी पर्दा उपसचिव महिलामा चन्द्रावती पनेरु अधिकारी, जुना दंगाल र रञ्जिता सिलवालको उम्मेद्वारी परेको छ । उम्मेद्वारी फिर्ताको समय आइतबार दिउँस ३ बजेसम्म राखिएको जनाईएको छ।

## भारतीय नागरिकको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-२, सिनेमारोडमा एक भारतीय नागरिकको मृत्यु भएको छ । मृत्यु हुनेमा भारत बेतिया बनकट-७ घर भई हाल सिनेमारोड बस्ने ७० वर्षीय रामनाथ गिरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। गिरी बिहीबार बेलुका खानखाई सुतेकोमा शुक्रबार बिहान ८ बजेर २० मिनेटको समयमा मृत फेला परेका थिए । अनुसन्धानको क्रममा गिरीले मादक पदार्थ सेवन गरेको पाइएको छ। मुचुल्का पश्चात शव भरतपुर अस्पतालमा लगिएको छ।

## अचेत भेटिएकी पार्वतीको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको कालिका नगरपालिका-८, भोर्लाघारीमा अचेत अवस्थामा फेला परेकी महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा २७ वर्षीया पार्वती चेपाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। शनिबार बिहान चेपाङ आफ्नै घर भित्र अचेत अवस्थामा फेला परेकी थिइन। चेपाङलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

रेडियो निकास ९३.४ The Voice of Community
सामुदायिक रेडियो, रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं र सुनाऔं






## सम्पादकीय

# बधाई एवम् शुभकामना

पटक-पटक स्थगित भएको नोल पत्रकार महासंघको निर्वाचन अन्तत: शुक्रबार सम्पन्न भएको छ । महासंघको केन्द्रमा निर्मला शर्मा, बागमती प्रदेश अध्यक्षमा कृष्ण सारु मगर, मकवानपुर जिल्ला अध्यक्षमा बालकृष्ण अधिकारी नेतृत्वमा नेपाल पत्रकार महासंघले नयाँ समिति प्राप्त गरेको छ । नेपाल पत्रकार महासंघ नेपाली पत्रकारको मात्रै नभएर पत्रकारिताको मर्यादा गर्नेहरुका लागि पनि महत्वपूर्ण संरचना हो । नागरिकको आवाज सुन्ने सुनाउने सञ्चारकर्मीको साझा संस्था नेपाल पत्रकार महासंघमा नयाँ नेतृत्वसँगै लामो समयदेखिको अनिश्चितताको अन्त्य भएको छ ।

नेपाल पत्रकार महासंघमा नयाँ नेतृत्व स्थापित हुनु भनेको महासंघले नयाँ अवसर प्राप्त गर्नु हो । मकवानपुर जिल्लाको सन्दर्भमा महासंघको नयाँ नेतृत्व युवा पुस्तामा हस्तान्तरण भइसकेको छ । शुक्रबार भएको निर्वाचनबाट चुनिएका नयाँ नेतृत्वलाई शनिबार बिहान महासंघकै सभाकक्षमा सपथ गराएर जिम्मेवारी हस्तान्तरण गरिएको छ । महासंघ मकवानपुरमा अधिकांश नयाँ अनुहार भएकोले पहिलो पटकदेखि पटक-पटक जिम्मेवारीमा पुगेकाहरुलाई महासंघको सञ्चालन तथा व्यवस्थापनमा आआफ्नो जिम्मेवारी, भूमिकाका बारेमा अभिमुखीकरण गराउनु जरुरी छ ।

नेपाल पत्रकार महासंघ पत्रकारको मात्रै संस्था नभएर समाजकै महत्वपूर्ण अवयव हो । तसर्थ संघीय, प्रदेश र जिल्लास्तरीय समितिले राज्यका निकायहरुसँग मिलेर काम गर्न गराउन गर्न सकिन्छ भनेर आवश्यक योजना तथा कार्यक्रम जोड्न पनि जरुरी छ । तहअनुसार महासंघले आफ्नो भूमिका स्थापित गर्दै जान सक्नुपर्छ । मकवानपुरमा बालकृष्ण अधिकारी नेतृत्वको समितिले योजनावद्ध ढंगबाट श्रमजीवी पत्रकारको हकहितमा काम गर्ने विश्वास सदस्यलाई दिलाउन सक्नुपर्छ । महासंघलाई आजको समयअनुकुलको साझा संस्था बनाउन सक्नुपर्छ ।

निर्वाचनको प्रक्रियाबाट नयाँ समिति चयन गर्दै गर्दा एउटा समूह विजयी भएर पदस्थापित हुँदै गर्दा आकांक्षीको एउटा समूह बाहिर रहन बाध्य भएको छ । महासंघको विभिन्न पदमा रहेर काम गर्ने आकांक्षा राखेकाहरुबाट पनि आवश्यक सल्लाह, सुझाव लिएर महासंघको नवनिर्वाचित समितिले काम गर्न सक्नुपर्छ । त्यसका लागि पदस्थापित समूहले नै सहजीकरण गर्न सक्नुपर्छ । महासंघको नवनिर्वाचित नेतृत्वले महासंघको भूमिकालाई जिम्मेवार र सदस्यहरुको क्षमता विकास, सञ्चारगृहको व्यावसायिक चरित्र विकासमा ध्यान दिनु जरुरी छ । सञ्चारगृह र सञ्चारकर्मीलाई जिम्मेवार बनाएर पाठक, दर्शक, स्रोतालाई आवश्यक समाचार, विचार र समसामयिक सामग्री प्रस्तुत गर्ने अवस्था विकास गर्न महासंघ सहजकर्ताको भूमिका रहन सक्छ । त्यसका लागि तीनै तहका नेतृत्वको समूहलाई शुभकामनासहित निर्वाचित भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाइ–लेखाइका कामहरुमा मन जाने समय छ ।
**वृष** : परिबन्धमा धन व्यय हुने समय योग छ ।
**मिथुन** : परोपकारका काममा समय व्यतित होला ।
**कर्कट** : पढाइ–लेखाइका कामहरु मध्यमकारक होलान् ।
**सिंह** : अध्ययन–अध्यापनमा सफलता प्राप्त हुनेछ ।
**कन्या** : धार्मिक र सामाजिक काममा सरिक भइनेछ ।
**तुला** : पढाइ–लेखाइ मध्यमकारक रहेको देखिन्छ ।
**वृश्चिक** : परोपकार र धार्मिक कृत्यमा समय व्यतित होला ।
**धनु** : कमी कमजोरीप्रति प्रायश्चित्त गर्नुपर्ने योग छ ।
**मकर** : सामाजिक र धार्मिक काममा सरिक भइने समय छ ।
**कुम्भ** : राम रमाइलोमा समय व्यतित हुने समय योग छ ।
**मीन** : नसोचेको क्षेत्रबाट मान सामान प्राप्त हुने समय छ ।

# नाकाबन्दी र भू–राजनीति: एक विश्लेषण



**बिशभ अधिकारी**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री कमल थापाद्वारा लेखिएको पुस्तक नाकाबन्दी र भू-राजनीतिमा लेखकको कूटनीतिक अनुभव र नेपाल-भारत सम्बन्धका विभिन्न पक्षमाथि विश्लेषण गरिएको छ। यसै सन्दर्भमा हालै हेटौँडामा पुस्तकवार्ता सम्पन्न भएको थियो। यद्यपि, म व्यक्तिगत रूपमा उक्त कार्यक्रममा सहभागी हुन सकिनँ। सहभागी साथीहरूको भनाइमा, कार्यक्रम अत्यन्तै रोचक रहेको प्रतिक्रिया प्राप्त भयो ।

पुस्तक लेखकको हातबाट पाएपछि मैले त्यसलाई आद्योपान्त पढेँ । पुस्तक सरल भाषा, रोचक घटनाक्रम र गम्भीर विश्लेषणले भरिपूर्ण छ । हरेक पृष्ठले राष्ट्रियताप्रति नयाँ दृष्टिकोण प्रस्तुत गरेको छ, विशेषगरी मेरो पुस्ताका लागि यो अत्यन्तै उपयोगी देखिन्छ। राष्ट्रियताको भावनाले ओतप्रोत हामीजस्ता युवाले अहिले पनि छिमेकी मुलुकको हेपाहा प्रवृत्तिको डटेर प्रतिवाद गर्ने हिम्मत राख्छौं। सार्वभौम राष्ट्रका रूपमा नेपालले आफ्नो स्वतन्त्रता र स्वाधीनतालाई कसैसँग पनि सम्झौता गर्दैन। सानो जनसंख्या र सीमित स्रोतसाधनको बाबजुद नेपालले समान हैसियतमा रहनुपर्ने अधिकार सुरक्षित छ।

लेखकले तत्कालीन परराष्ट्रमन्त्रीको रूपमा भारतसँगको सन् १९५० को सन्धिलाई समयानुकूल बनाउन महत्वपूर्ण पहल गरेको वर्णन पुस्तकमा उल्लेख छ। लेखकका अनुसार, सन् १९५० को सन्धिलाई समानताका आधारमा परिमार्जन गर्ने प्रयास भारतको गठबन्धन सरकार र नेपालभित्रकै केही नेताहरूको असहमतिको कारण असफल भयो । विगतमा कम्युनिस्टहरूले सन् १९५० को सन्धि खारेज गर्नुपर्ने क्रान्तिकारी माग उठाएका थिए, तर सत्तामा पुगेपछि ती मुद्दाहरू ओझेलमा परे ।

तत्कालीन जनमोर्चाका तर्फबाट बाबुराम भट्टराईले शेरबहादुर देउवालाई बुझाएको ४० बुँदे मागमा आधाभन्दा बढी भारतसँगको सम्बन्धका विषयमा केन्द्रित थियो। सीमा व्यवस्थापन, सुस्ता, कालापानी, नागरिकता लगायतका समस्याहरू उल्लेख गरिएका थिए । तर ती कुनै पनि माग पूरा भएनन् । आज बाबुराम र प्रचण्डहरू जस्ता नेता कार्यकारी प्रमुख बनेका छन्, तर भारतसँगको हाम्रो समस्या भने उस्तै छ । विगतमा राष्ट्रवादी र क्रान्तिकारी देखिने नेताहरू समयक्रमसँगै कमजोर प्रमाणित भएका छन् ।

भारतले नेपालमाथि चारपटक नाकाबन्दी लगाएको छ। कमल थापाका अनुसार, नाकाबन्दी सतहमै देखिएको विवादमात्र नभएर सुरक्षा, सामरिक रणनीति र साझा अवधारणागत मतभेदको परिणाम हो । भारतको नेपालप्रतिको दृष्टिकोण पुरानै छ, तर नेपालले भारतको प्रभावबाट मुक्त हुँदै स्वतन्त्र, सबल, र स्वाधीन राष्ट्रका रूपमा आफूलाई प्रस्तुत गर्नुपर्छ । बदलिँदो परिस्थितिमा छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउनु अपरिहार्य छ ।

नेपाल-भारत सम्बन्धका विभिन्न आयाम छन् । सीमा विवाद, सन् १९५० को सन्धि, नागरिकता, सुस्ता, कालापानी लगायतका समस्याहरू कूटनीतिक माध्यमबाट समाधान खोज्न आवश्यक छ । टनकपुर सम्झौताका घटनाक्रमलाई ढाकछोप गर्न ल्याइएको महाकाली परियोजनाले नेपालको हितलाई संरक्षण गर्न सकेन भन्ने स्पष्ट छ । डिपिआर आजसम्म बन्न नसक्नु, कूटनीतिक तयारीको अभाव, र नेताहरू भारतिय प्रभावमा परेको प्रमाणित छ ।

महाकाली सन्धि पारित गर्दा देखिएको दृश्य अझै टिठलाग्दो छ । एमाले नेता केपी ओलीले सन्धि पारित भएपछि "पश्चिमबाट सूर्य उदाउँछ" भनेर उद्घोष गरेका थिए, तर फलस्वरूप एमाले विभाजन भएको थियो। महाकाली सन्धिमा राप्रपा नेता राजेश्वर देवकोटाले लिएको राष्ट्रवादी अडानको लेखकले मुक्तकण्ठले प्रशंसा गरेका छन्। लेखकले आफूले पनि त्यति बेला यस्तै साहस देखाउन सकेको भए भनी पछुतो व्यक्त गरेका छन् ।

नाकाबन्दीको समयमा कमल थापाले जेनेभा पुगेर सार्वभौम राष्ट्रको अधिकारको विषयमा जोड दिएका थिए । यस्तो राष्ट्रवादी छवि भएका व्यक्ति महाकाली सन्धिमा पार्टी निर्णयको सामु निरीह देखिनु विडम्बनापूर्ण देखिन्छ । यद्यपि, अहिलेको अवस्थामा लेखकजस्तै राष्ट्रवादी छवि भएका नेता अन्य पार्टीहरूमा खोज्न कठिन देखिन्छ ।

संविधान जारी गर्दा भारतको असन्तुष्टि नाकाबन्दीमा परिणत भयो । यो हस्तक्षेपको विरोधमा राष्ट्रवादी सरकार गठन भयो । फरक राजनीतिक धारका दलहरू राष्ट्रियताका लागि एक ठाउँमा उभिएका थिए, जसरी जापानको बिरूद्ध माओ र चाङकाईसेक मिले राष्ट्रियताका लागि फरक पार्टीहरू एक ठाउँमा उभिए । तर, केही पार्टीले त नाकाबन्दीको अस्तित्व नै स्वीकार्न सकेनन्। नाकाबन्दिलाई नाकाबन्दी समेत भन्न सकेनन्। राजा महेन्द्रले पूर्व-पश्चिम राजमार्गको शिलान्यास गर्दा गाडी नै नभएको नेपालमा यत्रो बाटो किन चाहियो भनेर भारतमा गुनासो गरिएको प्रसंग अहिलेसम्म पनि ईतिहासका विद्यार्थीहरुलाई सम्झना छ। पछिल्लो पटक महाकाली, लिम्पियाधुरा, र गुन्जी समेटिएको चुच्चे नक्सा संसदबाट अनुमोदन हुनु नेपालको लागि गौरवको विषय हो । तर यसमा भारतको आपत्ति रहनु दु:खद् छ ।

ऐतिहासिक प्रमाण र तथ्यहरूले कालापानी, लिम्पियाधुरा लगायतका भूभाग नेपालको हो भन्ने स्पष्ट गर्छन् । यद्यपि, भारतले यसबारे सुन्न चाहँदैन । कूटनीतिक पहलबाट समस्या समाधान गर्न जरुरी छ । महाकाली सन्धि पारित गर्दा नेपालको पक्षमा मजवुद माग राख्न नसक्नु गम्भीर गल्ती भएको लेखकले पुस्तकमा औंल्याएका छन् । महाकाली सन्धी पारित गर्ने समयमा, यदि हामीले आफ्ना माग र दावीहरूलाई दृढतापूर्वक राखेको भए, महाकाली सम्बन्धित सीमा विवाद त्यसै बेला समाधान हुन सक्थ्यो तर, यो अवसर हामीले गुमाएको कुरा लेखकले उल्लेख गरेका छन् ।

पुस्तक उपयोगी छ, ईतिहासका धेरै पाटा उजागर भएको छ पढुन्जेल रोचक र कौतुहलता लागी रहन्छ । पुस्तकले इतिहासका विभिन्न पाटा उजागर गरेको छ र राष्ट्रियता, स्वाभिमान, र नेपाल-भारत सम्बन्धका महत्वपूर्ण पक्षमा ध्यानाकर्षण गरेको छ ।

यो सानो लेखमा धेरै कुरा छुटेको छ । मूलभूतरुपमा केहि राष्ट्रियता सम्बन्धित विषय उठान गरेको छु । धेरै विषय छुटेका छन् । पुस्तकका लेखकले धेरै मिहिनेत गर्नुभएको छ । यो पुस्तक प्रत्येक राष्ट्रप्रेमीको लागि पढ्नै पर्ने कृति हो । अस्तू ।

# अतुलनीय नेपाली नेतृत्वको अभिनन्दन !



**प्रा.डा. हरि शर्मा**



हाम्रो सन्दर्भमा देशैभरिका सबै सार्वभौम सत्तासम्पन्न नागरिकको सरोकारका साझा विषयबारे चिन्तन गर्दा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र अर्थ देखिन्छन् । तीबाहेक पनि समय, परिबन्द र व्यवहारले गर्दा अन्य अनगिन्ती विषय पनि सतहमा देखिन सक्छन् । तर, आज जनता किन बेचैन छन् र कुनै पनि मानेमा अधिकांश जनताले सुखानुभूतिको शतांस पनि अनुभूत गर्न पाइराखेका छैनन् ? त्यो गुढ प्रश्न हो ।

तिनै विषयको सेरोफेरोमा रहेर आजको यो आलेख तयार पार्ने यहाँ प्रयास गरिएको अनुरोध छ । मुलुकमा सुध्रिएको अर्थतन्त्रको जति चर्को बिगुल फुके पनि समग्रमा देश अविकसित र पिछडिएको छ। जनता अनेकन् हक र अधिकारसम्पन्न बनाइएका छन्, संविधानको चस्माले हेर्दा । ठूलठूला कलकारखानाहरू ठूल्ठूला दलको सुदृढीकरणमा डुबुल्की मार्दै मरे, ससाना र मझौला तहका जनस्तरबाट सञ्चालित उद्योगहरु सयौंको संख्यामा दिनहुँ जिल्लैपिच्छे बन्द हुँदै गइरहेका छन् ।

बेरोजगारी बढाउँदै बेरोजगार बन्न पुगेका हाम्रा युवायुवतीको लस्करले बिदेसिनका लागि श्रमका झ्यालढोका चहार्न व्यस्त बनाइएका छन्। ढुक्क हुनुपर्छ, कसै न कसैको अभीष्ट त पूरा हुँदै छ । ११ सयभन्दा बढी इजरायलको पंक्तिमा छन् । झन्डै ४ हजारभन्दा बढी दक्षिण कोरियाको । युद्ध र अशान्तिको यज्ञमा नेपाली प्राणको चारु ? के देश रोगी, एकल वृद्धवृद्धाहरूले बनाउने हुन् त ? अत्यधिक भौतिकीकरण र सत्ताको चरम लिप्साले गर्दा यत्रतत्र सर्वत्र फैलिएको अप्रत्याशित, अनपेक्षित र अमानवीय घटनाक्रमको बलेको आगोमा नेपाली युवाको चारुदान गरी अनुदान र रेमिटेन्सका थैली भित्र्याएर देशको अर्थतन्त्र उकालोतिर गइरहेको आँकडा देखाउने हाम्रा योजनाकार र शासकहरूलाई धिक्कार छ । सक्छौ तिनलाई रोक । तिनको गाँस, बास र कपासको व्यवस्था देशभित्र गर्ने प्रयास गर । त्यो नै सुशासन हो । आपराधिक कार्य गर्ने मन्त्रीहरूलाई आफ्नो मान्छे बनाएर छुट प्रदान गर्ने विधिका निर्माताहरू सामान्य जनताको कुरातर्फ पनि ध्यान देऊ, ती नै तिम्रा काम आउलान् । ती नै राष्ट्रका परिचायक पात्रहरू हुन् । तिनैको सहयोगले नै राष्ट्रको अर्थतन्त्र बलियो हुन्छ । सुख, शान्ति र समृद्धिका नारा सुनेर ऊ न सुखी हुन्छ, न शान्त रहन सक्छ, न समृद्धिको अन्वेषण गर्न सक्छ ।

देशमा काम नभएका होइनन्, विकासका पाइलाहरू अगाडि नबढेका पनि होइनन्, सरकारमा बसेर हाँक चलाउनेहरू अलमलिएका मात्र हुन् । शिष्टाचार पनि छ, तर भ्रष्टाचारले देशलाई खाइसक्यो । सुशासन भन्ने शब्दमा मात्र सीमित रहेपछि के हुन्छ, त्यो सहजै अनुमान लगाउन सकिने विषय हो। एउटा विशेष वर्ग त्यसबाट पोषित हुन्छ र सामाजिक व्यवस्था बिग्रे वर्ग-संघर्षको अवस्थाको सृजना अपरिहार्य हुन्छ । साम्यवाद, समाजवाद नजाने अरू कैयौँ समतामूलक वादहरूको रटान गरेर स्वयं संसारको भ्रष्टतम मापदण्डभित्र गनिँदा पनि लाज पचाएर अझै आफ्नै स्वार्थ सिद्धिमा तल्लीन रहनु कुन नैतिकताले दिन्छ ? जग्गै राजीनामा नगरी घर ठडिन्छन्, लालपुर्जा नदिए पनि भूमि कर लगाइन्छन्, नागरिकलाई अनागरिकजस्तै व्यवहार हुन्छ सिंहदबारहरूमा, सूचनाको प्रवाहलाई तगारो हालिन्छ। कला, साहित्य, संस्कृति त्यो वर्गका लागि मनोविनोदका माध्यम बन्छन् । भएका पर्यटकीय सम्पदाहरूको प्रचार-प्रसार, संवर्द्धन र प्रवर्द्धनमा बजेट पुग्दैन, अर्बौंका भ्युटावर निर्माण गरिनुले के संकेत गर्छ ? जाजरकोटका भूकम्पपीडितहरूका लागि कहिले राहतको प्याकेज बन्यो ? ती भत्केका घरहरूमा अहिले पनि त्यहाँका जनताले रात काट्नु परिरहेको छ । भत्केका विद्यालय भवनहरूमा स-साना नानीहरूलाई पढ्न पठाइएको छ ।

सुदूरपश्चिमतिरको वातावरण जाडोको हिउँले उत्सवमय बनाइदिएको समाचारले मन आल्हाहित हुन्छ। त्यहाँका जनता भन्छन्– धर्ती भिज्यो; कोदो, फापर र अन्य उब्जनीहरू राम्रो हुने भयो रे । कति कोमल छ ती जनताको मनोभाव ! कति ससाना छन् तिनका इच्छा, आकांक्षा र सपनाहरू। पहाडैपहाड र ढुंगैढुंगाबीचको त्यो कठिन जनजीवनका लागि छुट्ट्याइएको राहत होस् वा अनुदानबाट प्राप्त अन्य केही जिन्सी होस्, त्यहाँ आफ्नो दुनो सोझ्याउन जनप्रतिनिधिहरूमाझ कलहको बिजारोपण गराएर ठूला दल भनाउँदाहरूले आफ्नो हैकम प्रदर्शन गर्छन्। देशका विभिन्न भागमा बाटाहरू बनाइँदै छन्, पुलपुलेसा र अन्य पूर्वाधारहरूको निर्माण कार्य चलिरहेकै हुन्छ ।

त्यस क्षेत्रबाट तुइनलाई विस्थापित गर्ने कार्य अविलम्ब गर्ने कुरा काठमाडौंको सिंहदबारले दशकौं अघि भनेको थियो । तर, त्यो काम सरकारको प्राथमिकतामा किन पर्दैन ? किन त्यो कामको ठेक्का दिइँदैन ? ठेकेदार जत्तिकै फटाहा भए पनि त्यसले ठेक्काको भुक्तानी पाउनेबित्तिकै निमेष मात्र पनि विलम्ब नगरी प्रतिशतका थैलीहरु संहदरबारभित्र र बाहिरका

...बाँकी पृष्ठ ३ मा



**जिम्मेवारी हस्तान्तरण**: नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाको नवनिर्वाचित अध्यक्ष बालकृष्ण अधिकारीलाई पद हस्तान्तरण गरिँदै । शुक्रबार सम्पन्न निर्वाचनबाट निर्वाचित बालकृष्ण अधिकारीलाई निवर्तमान अध्यक्ष मणिराज गौतमले जिम्मेवारी हस्तान्तरण गर्नुभएको हो । नेपाल पत्रकार महासंघको हेटौंडा-४ स्थित कार्यालयको सभाहलमा निर्वाचन समितिले नवनिर्वाचित समितिलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराएर जिम्मेवारी हस्तान्तरण गरिएको हो ।

# ८ वर्षमा पनि बनेन बेनी अस्पतालको भवन



म्याग्दी: तीन वर्षमा सम्पन्न गर्ने लक्ष्य रहेको बेनी अस्पतालको भवन निर्माण कार्य आठ वर्षसम्म पनि पूरा भएको छैन । पाँच वर्षअघि सकिनुपर्ने ५० श्यया क्षमताको भवनको हालसम्मको भौतिक प्रगति करिब ८० प्रतिशत छ । भवन निर्माणमा भएको ढिलासुस्तीका कारण बिरामीको उपचार प्रभावित भएको बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले बताए ।

'पचास श्यया क्षमता भए पनि १५ श्ययाको संरचना र पूर्वाधारबाट सेवा दिनुपर्ने बाध्यता छ', उनले भने, 'अस्थायी, पुराना र साँघुरा भवनमा अस्पताल सञ्चालन गर्न समस्या भएको छ ।' म्याग्दीका साथै पर्वत, बागलुङ र मुस्ताङका सर्वसाधारणले सेवा लिने अस्पतालले सात वर्षयता अस्थायी संरचनाबाट सेवा सञ्चालन गर्दै आएको छ ।

सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले विसं २०७३ मङसिर २१ गते भवन निर्माणका लागि महादेव खिम्ती-गल्वा-रफिना जेभीसँग रु १८ करोड ८४ लाख आठ हजार ८९ मा ठेक्का सम्झौता गरेको थियो ।

२४ करोड चार लाख २९ हजार आठ सय ६९ लागत अनुमान गरिएको भवन विसं २०७६ मङ्सिर २० गते निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता थियो । भवन निर्माणका लागि पाँच पटकसम्म म्याद थप भएको छ । चार हजार नौ सय ६३ वर्गमिटर क्षेत्रफलमा बनाउन लागिएको चार तले तीन वटा भवनको भित्री भाग पलास्टर र रङरोगन गर्न, विद्युत्, पानी जडान गर्न, झ्यालढोका र टायल राख्न बाँकी छ । पन्ध्र श्यया क्षमताको अस्पताल विसं २०७२ मा ५० श्ययामा स्तरोन्नति भएको थियो ।

नयाँ भवन बनाउन अस्पतालको पुरानो भवन भत्काइएको थियो । बहिरङ्ग कक्षको सेवा अस्थायी भवनबाट सञ्चालन गरिएको छ । आकस्मिक र अन्तरङ्ग कक्ष पुरानो प्रशासनिक भवनबाट सञ्चालन गरिएको छ। स्वास्थ्य कार्यालयको भवनमा अस्पताल प्रशासन र व्यवस्थापन समितिको कार्यालय राखिएको छ ।

भवन अभावमा विशेषज्ञ चिकित्सक आउन नमान्ने, म्याग्दीले पाउनुपर्ने हब अस्पतालको कार्यक्रम अन्यत्र जिल्लामा गएको व्यवस्थापन समितिका अध्यक्ष सुवेदीले बताए । सघन उपचार कक्ष (आईसीयू) र डायलासिस कक्ष पनि स्वास्थ्यकै भवनमा स्थापना भएको छ ।

पालिका, जिल्ला, प्रदेश र प्रतिनिधिसभाका जनप्रतिनिधीले सम्बद्ध आयोजना कार्यालय, सहरी विकास मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा पटकपटक ध्यानाकर्षण गराउँदै आए पनि अस्पतालको भवन निर्माणले गति लिएको छैन । *(स्रोत: अनलाईनखबर)*

## अतुलनीय नेपाली...

कार्यालयदेखि अन्य सम्बन्धित सबै निकायमा पुऱ्याएकै हुन्छन् । यद्यपि, ठेक्काका काममा भाग आएन भनेर ठेकेदारको भुक्तानी रोकिएका असंख्य दृष्टान्त छन् । जनताका लागि गरिएको ठेक्काका काम दुई वर्षमा पूरा गरिने भनिए पनि वर्षौं वर्षसम्म ती कामले गति लिन सक्दैनन् । किन ? यहाँ त पुलिस र सिआइबी चाहिँदैन छानबिन गर्न । सिंहदरबारले नै गर्न सक्छ । सरोकारवाला मन्त्री स्वयंले राम्ररी बुझेका छन्, तर किन निरुपाय ?

ग्वार्कोको निर्माणाधीन राजधानीको एकमात्र ओभरपासको निर्माण कार्य समयमै नसकिँदा (हालसम्म ८२ प्रतिशत मात्र सकिएको) रिङरोडको सडकमा गुड्ने ठूला-साना हरप्रकारका सवारी साधनले अचाक्ली कठिनाइको सम्मुखिन हुन परिराखेको छ । किन सरकार तात्दैन ? किन सम्बन्धित ठेकेदारसँग प्रत्यक्ष वार्ता गर्दैन सरकार ? महत्वपूर्ण कुरा त के छ भन्ने झन्डेवाल गाडीहरूले त्यसरी बाटोको जाम बेहोर्नुपरेको छैन । यहाँ ती जापानी नागरिकको सम्झना हुन्छ, जसले नेपालका ट्राफिक प्रहरीले ट्राफिक नियन्त्रणबारे केही सिकून् भन्ने हेतुले धेरै वर्षसम्म काठमाडौंका विभिन्न जाम हुने सडकमा गएर स्वयंसेवीका रुपमा आफ्नो सेवा प्रदान गरेका थिए । उनले कैयौंचोटि झन्डेवाल गाडीहरूलाई ट्राफिक चोकमा हरियो बत्ती नबलुन्जेल सडकमै रोकेर राखिदिन्थे । 'नियम भनेको नियमै हो, सबैलाई एकनासले लागू गरिनुपर्छ,' उनको भनाइ हुन्थ्यो । यहाँ त के भयो र ? तपाईंलाई प्रहरीले पक्रेर लग्यो, गृहमन्त्री अथवा अरू कुनै शक्तिशालीलाई लाग्यो भने आफ्नै घरमा बसेर सजाय अवधि भुक्तान गर्न पाइन्छ । छ विश्वमा कहीं यस्तो न्यायिक व्यवस्था ? हो, त्यसैले हामी अतुलनीय !

प्रधानमन्त्रीको नितान्त व्यक्तिगत इच्छानुसार झापाको दमकमा भ्युटावर निर्माण भयो । भनिन्छ, नक्सै पास नगरी त्यो भ्युटावर बन्यो । काम त राम्रो भयो, नेपालको पूर्वी क्षेत्रको पर्यटकीय महत्वलाई उजागर गरेको छ, त्यो भ्युटावरले । तर नक्सै पास नगरी बनेको भवनको उद्घाटन प्रमले गर्न मिल्छ कि मिल्दैन भन्ने प्रश्नको उत्तर कसले दिने ? छायाचित्रमा हेर्दा कताकता त्यो टावर नेपालको बुर्ज खलिफाजस्तो पनि देखिन्छ । तर, उहाँले दमकबाट उद्घोष गर्नुभएको छ– निर्माणका अधुरा कामलाई गति दिइन्छ । बाटाघाटाहरू, विशेष गरी पूर्व-पश्चिम राजमार्गका बाटाहरूको नियमित मर्मत-सम्भारको कामले तीव्रता पाउनुपर्छ । त्यसै रुटमा बन्दै गरेको ६ लेनको बाटो वर्षौंदेखि दुर्दशाग्रस्त छ । काठमाडौंबाट बुटवल जाँदा ११ घण्टा बसमा यात्रा गर्नुपर्ने बाध्यता छ यात्रुहरुलाई । बाटोमा गाडी रोक्ने ठाउँहरू बेथिति भोगिरहेछन् । सुन्दर बस बिसौनी छैन । खानपिनका लागि यात्रुहरू जस्तो प्रकारको खाना पनि खान बाध्य छन् ।

ती सबै सञ्जाल हटाएर नयाँ, सफा, सुग्घर र ताजा खाद्यवस्तु बिक्रीमा र हनुपर्छ । यसका लागि केन्द्रबाट नै मनिटरिङ हुन जरुरी छ । बसभाडा मनपरी रूपमा असुलिन्छ । त्यसको अनुगमन छैन । विदेशी शैलीका भ्युटावर बनाएर मात्र हुँदैन, त्यहाँसम्म सर्वसाधारण जनताको पहुँच पनि पुग्ने हुनुपर्छ । संसारको सबैभन्दा होचो ठाउँ केचनाकवल (समुद्री सतहदेखि ५९ मिटर माथि) पनि झापामै छ । त्यसको प्रचार-प्रसार खोइ ? बजारीकरण खोइ ? सिलगुडीबाट ल्याएर झापामा प्याकेजिङ गर्दै चिया बजारमा आइरहेछ, भारतको तेस्रो दर्जाको चिया, त्यसको अनुगमन खोइ ? व्यापार त सबै गर्न चाहन्छन् तर शुद्ध तरिकाले शुद्ध वस्तुको व्यापारलाई प्रोत्साहन दिइनु शासक वर्गको उत्तरदायित्व हो । झापामा दुर्गा प्रसाईंको लोकप्रियता बढ्नुपछाडिका रहस्यहरू के हुन् ? सायद दुर्गा प्रसाईंको जनहितबारेको सुझबुझ बढी पो छ कि ?

पंक्तिकार दुवैलाई चिन्दैन । तर, मुलुकको वर्तमान कैयौं सन्दर्भमा आफ्नो सबै बिर्सेर जनताका लागि काम गर्ने महत्वाकांक्षा बलियै हुनुपर्दो रहेछ । राप्तिमा माछा मारेजस्तो होइन होला, राजनीतिको क्रीडाक्रम ! नागढुंगाका सुरुङ बाटोको ब्रेक थ्रुदेखि लिएर सेतो स्तम्भको उद्घाटन, भ्युटावरको उद्घाटन र हुने निर्माणका अनेकौं कामको उद्घाटन, अब सायद कर्णालीको खेल मैदानको उद्घाटन होला हाम्रो नेतृत्वबाट वा त्यस्तै अन्य कुनै महत्वपूर्ण पूर्वाधारको । हामी जननता यी उद्घाटनहरूबाट दिक्क भइसक्यौं ।

राजधानीमा घरघरमा पानी पुऱ्याएर मेलम्चीको पुनः उद्घाटन गरियोस बरु । भित्री दमकको अनकन्टार फाँटमा उभिएको भव्य भ्युटावरलाई कसरी अभिनन्दन गर्ने हो, खोइ ? जे भए पनि त्यसका वरिपरि वाग-बगैंचा, कृत्रिम भए पनि पोखरी र फलफूलका रुखहरू रोपिउन् र कतै नेपालको नक्सा रहेको स्मृति स्तम्भसमेत बनाएर राखियोस् । *(स्रोत: कारोबारदैनिक)*

## गुरुङ मृत फेला

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-४, शिवघाटमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा भरतपुर-११, बसेनीका २५ वर्षीय सिद्धार्थ गुरुङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । शुक्रबार दिउँसो २ बजेर ४५ मिनेटको समयमा नारायणी नदी किनार गुरुङ मृत फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला सरकारी अस्पताल भरतपुर लगिएको छ ।

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर

गिन्नु-राक्सिराङ्ग-टोड्के-भिमबुङ्ग पर्यटकीय सडक (१९.७३ कि.मि.) स्तरोन्नतिको लागि प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१/०८/३० गते)

बागमती प्रदेश, मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिका, वडा नं. ४, ७, ८ र ९ मा राक्सिराङ्ग गाउँपालिका, गाउँ, कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुरबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुर<br>फोन नं : ९८५५०७६६४०<br>ई-मेल : raksirang.rmc@gmail.com |
| प्रस्तावको व्यहोरा | गिन्नु-राक्सिराङ्ग-टोड्के-भिमबुङ्ग पर्यटकीय सडक (चेनेज ०+००० देखि १९+७२६.६५), सडकको क्षेत्र अधिकारः ९ मिटर, फर्मेशन चौडाईः ७ मि. (नाला बाहेक), गाडी गुड्ने चौडाईः ५.५ मि., सोल्जर चौडाईः १.५ मि. (दुवै तर्फ ०.७५-०.७५ मि.), डिजाइन गतिः ४० कि.मि./घण्टा |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिका , वडा नं. ४, ७, ८ र ९ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली, साँस्कृतिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्रचार गर्ने ठेगाना

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुर<br>फोन नं : ९८५५०७६६४०<br>ई-मेल : raksirang.rmc@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | Synergy Engineering & Consultants Pvt. Ltd.<br>रविभवन, काठमाडौं, सम्पर्क नं.: ०१-४९६१३१०<br>इमेलः info@seco.com.np |

सञ्चालनमा आयो
पशुपति ईभी चार्जिङ स्टेशन
हेटौंडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



६ वटा चार्जिङ युनिटसहित
सम्पर्कः ९८५५०६८८७३

रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ ।

- **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका ।
- **अनुभव** : आवश्यक छैन ।
- **काम** : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने ।
- **आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला ।**



**सेवा सुविधाहरू**

- तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
- अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ ।

**सम्पर्क**
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# पत्रकार महासंघ बागमती प्रदेशको अध्यक्षमा मगर

**समाज संवाददाता**

हेटौँडाः नेपाल पत्रकार महासंघको निर्वाचन सम्पन्न भएको छ । शुक्रबार भएको निर्वाचनमा बागमती प्रदेशको अध्यक्षमा कृष्ण सारु मगर चयन हुनु भएको छ । प्रदेशको १० वटा जिल्लामा भएको निर्वाचनमा मगर ४७२ मत प्राप्त गर्दै विजयी हुनु भएको बागमती प्रदेश निर्वाचन समितिले जनाएको छ । मगरका प्रतिद्वन्द्वीमा रहेका शिव देवकोटा ३३६ मत प्राप्त गर्दै पराजित हुनु भएको छ ।



खुल्ला उपाध्यक्ष पदमा भोला प्रसाद पौडेललाई पराजित गर्दै हरिप्रसाद हुमागाई विजयी हुनु भएको छ । पौडेलले २७३ मत प्राप्त गर्नु भएको थियो भने हुमागाई ५१४ मत प्राप्त गर्दै विजयी हुनु भएको छ । यस्तै महिला उपाध्यक्ष पदमा गीता अधिकारीलाई पराजित गर्दै बिमला पाण्डे विजयी हुनु भएको छ । अधिकारीले २९९ मत प्राप्त गर्नु भएको छ भने पाण्डे ४८६ मत प्राप्त गर्दै विजयी हुनु भएको छ । महासचिवमा राजन दाहाललाई पराजित गर्दै राधेश्याम खतिवडा विजयी हुनु भएको छ । दाहालले ३३२ मत प्राप्त गर्नु भएको थियो भने खतिवडा ४७३ मत प्राप्त गर्दै विजयी हुनु भएको छ ।

यस्तै सचिव पदमा शशीधर सुमन गैरेलाई पराजित गर्दै श्याम प्रसाद खतिवडा विजयी हुनु भएको छ । गैरेले ३०७ मत प्राप्त गर्नु भएको थियो भने खतिवडा ४५१ मत प्राप्त गर्दै विजयी हुनु भएको छ । समावेशी सचिवमा चन्द्रकला खत्रीलाई पराजित गर्दै काजी श्रेष्ठ विजयी हुनु भएको छ । खत्रीले २९९ मत प्राप्त गर्नु भएको थियो भने श्रेष्ठ ४६५ मत प्राप्त गर्दै विजयी हुनु भएको छ । कोषाध्यक्ष पदमा सन्तोष भुजेललाई पराजित गर्दै शंकर अधिकरी विजयी हुनु भएको छ । भुजेलले २९३ मत प्राप्त गर्नु भएको थियो भने अधिकारी ४६९ मत प्राप्त गर्दै विजयी हुनु भएको छ ।

यस्तै महिला सदस्यमा श्रीजा थापा, मिना श्रेष्ठ र रुपा अर्याललाई पराजित गर्दै समिक्षा पाण्डे, सुनिता रखाल मगर र सुनिता सापकोटा विजयी हुनु भएको छ । थापाले ३१३, श्रेष्ठले २७० र अर्यालले २९३ मत प्राप्त गरेका छन् भने पाण्डेले ४२२, मगरले ४०२ र सापकोटाले ४१३ मत प्राप्त गर्दै विजयी भएका छन् । दलित सदस्यमा केशव नेपालीलाई पराजित गर्दै यात्री छिदाल परियार विजयी हुनु भएको छ । नेपालीले ३२३ मत प्राप्त गर्नु भएको थियो भने परियार ३९८ मत प्राप्त गर्दै विजयी भएका छन् ।

जनजाती सदस्यमा उमेश राई पराजित हुँदा सूवर्णलाल श्रेष्ठ र ज्ञानेन्द्र तामाङ विजयी भएका छन् । राइले ३१५ मत प्राप्त गर्नु भएको थियो भने श्रेष्ठ ४२१ र तामाङ ३५८ मत प्राप्त गर्दै विजयी भएका छन् । अल्पसंख्यक सदस्यमा गौतम रिजाललाई पराजित गर्दै राजन थामी विजयी हुनु भएको छ । रिजालले २९२ मत प्राप्त गर्नुभएको थियो भने थामी ४२४ मत प्राप्त गर्दै विजयी हुनुभएको छ ।

यस्तै खुल्ला सदस्यमा केदार माझी, तारानाथ न्यौपाने, बाल गोविन्द न्यौपाने, राजेन्द्र गजुरे र सन्तोष चौलागाई पराजित हुँदा प्रज्ज्वल पौडेल, वरुण लामिछाने, सन्तोष अधिकारी र सुनिल बिष्ट विजयी हुनु भएको छ । केदारले ३००, तारानाथले २७६, बाल गोविन्दले ३२५ र सन्तोषले २७७ मत प्राप्त गर्नु भएको थियो भने प्रज्ज्वल ४००, वरुणले ३५६, सन्तोष अधिकारी ३७१ र सुनिल ३६० मत प्राप्त गर्दै विजयी हुनुभएको छ ।

## यु-१५ ८ ए साइट वडाध्यक्ष कप फुटबल

# सेमीफाइनल समिकरण पूरा



**समाज संवाददाता**

हेटौँडाः हेटौँडामा जारी यु-१५ ८ ए साइट वडाध्यक्ष कप फुटबल प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको छ । पिप्ले युवा क्लबको आयोजनामा हेटौँडा-५, स्थित पिप्ले-क्याम्पा रंगशालामा क्वार्टरफाइनल चरणको खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको हो ।

शनिबार भएको पहिलो क्वार्टरफाइनल खेलमा जीत निकाल्दै देवनगर एफसी सेमीफाइनलमा प्रवेश गरेको छ । दिव्य स्पोर्टस् एकेडेमीलाई टाइब्रेकरमा ५-४ गोलले हराउँदै देवनगर सेमीफाइनलमा प्रवेश गरेको हो । निर्धारित समय एक/एक गोलको बराबरीमा रोकिएपछि खेल टाइब्रेकरमा पुगेको थियो । म्यान अफ द म्याच अञ्जन अधिकारी घोषित भएका छन् ।

यस्तै, दोस्रो खेलमा रियल स्टार क्लब सेमीफाइनलमा प्रवेश गरेको छ । बालमिक क्लबलाई १-० गोलले हराउँदै बालमिक सेमीफाइनलमा प्रवेश गरेको हो । म्यान अफ द म्याच रियल स्टारका आशिष पाखिन घोषित भएका छन् । यस्तै, तेस्रो खेलमा जीत निकाल्दै हेटौँडा-१५ स्थित न्यू डाँफे युवा क्लब सेमीफाइनलमा प्रवेश गरेको छ । हेटौँडा-७ स्थित नागस्वती फुटबल एकेडेमीलाई टाइब्रेकरमा ८-७ गोलले हराउँदै न्यू डाँफ क्लब सेमीफाइनलमा प्रवेश गरेको हो । खेलको निर्धारित समय गोलरहित बराबरीमा रोकिएपछि नतीजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो । टाइब्रेकरमा पनि खेलको नतीजा नआएपछि खेल सड्न डेथमा पुगेको थियो ।

यस्तै, चौथो खेलमा विजयी हुँदै चितवन जिल्लाको गैरीबारी सेमीफाइनलमा प्रवेश गरेको छ । आयोजक पिप्ले युवा क्लबलाई टाइब्रेकरमा ३-२ गोलले हराउँदै गैरीबारी सेमीफाइनलमा प्रवेश गरेको हो । निर्धारित समय गोलरहित बराबरीमा रोकिएपछि नतीजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो । पहिलो सेमीफाइनल खेलमा रियल स्टार क्लब र न्यू डाँफे युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो सेमीफाइनल खेलमा गैरीबारी र देवनगरको टिमबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिता अन्तर्गत आइतबार बिहान सेमीफाइनल र दिउँसो फाइनल चरणको खेलहरु हुने क्लबका सदस्य नरेन्द्र मोक्तानले जानकारी दिनुभएको छ प्रतियोगितामा २० वटा टिमहरुको सहभागिता रहेको सदस्य नरेन्द्र मोक्तानले बताउनुभयो । प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ५ हजार ५ सय रुपैयाँ, उत्कृष्ट फरवार्ड, डिफेन्डर, मिडल्फिडर, गोलरक्षक र प्रशिक्षकलाई जनही ३ हजार ५ सय रुपैयाँको नगद पुरस्कार प्राप्त गर्नेछ ।

# हेटौँडामा ‘दर्ज्यु संलाप’ वार्ता




वार्तामा सहभागी लेखक लामा र साहित्यकार निमेष निखिल ।

**समाज संवाददाता**

हेटौँडाः हेटौँडामा निबन्धकार कुमारी लामाको निबन्ध ‘दर्ज्यु संलाप’ माथि अन्तरक्रिया गरिएको छ । शनिबार हेटौँडामा आयोजित एक कार्यक्रममा लामाद्वारा लिखित ‘दर्ज्यु संलाप’ माथि वार्ता विमर्श गरिएको हो ।

लेखक लामाले आफू हुर्केको परिवेशलाई साहित्यमा समेट्दा अझ प्रभावकारी बन्ने बताउनुभयो । सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलसँगको वार्तामा बोल्नुहुँदै निबन्धकार लामाले आफ्नै पृष्ठभूमिका भुइँमान्छेका विद्रोहलाई निबन्धात्मक रुपमा ल्याउँदा निबन्धको दायरा अझै फराकिलो बन्न पुगेको बताउनुभयो ।

सुशासन कायम गर्ने बेग्लै निकाय हुँदाहुँदै लेखकले प्रश्न मात्रै उठाउने हो वा समाधान पनि गर्ने हो ? भन्ने निमेष निखिलको सवालमा लामाले प्रश्न उठाउनु आवश्यक रहेको बताउनुभयो । संविधानले छोरीलाई अंश र वंशको अधिकार दिँदैमा व्यवहारमा परिवर्तन नहुने निबन्धकार लामाको तर्क थियो । निबन्धहरुलाई शृंखलात्मक रुपमा प्रस्तुत गरिएको ‘दर्ज्यु संलाप’मा उल्लेखित पात्र कान्छी तामाङको जीवन आफ्ना लागि प्रेरणादायी रहेको उल्लेख गर्नुहुँदै लामाले उनको संघर्षका कथालाई नै हालको किताबमा तेस्रो पटक समेट्दै देहान्तका कारणले टुंग्याएको जानकारी दिनुभयो ।

विगतमा न्युन पारिश्रमिक दिएर तामाङहरूको शोषण भएको, ज्यानै मास्न सकिने कानूनी व्यवस्थाले राजनीति, शिक्षा, अर्थमा विगतदेखि नै दमनका शृंखला रहेकोले पात्रहरुमा तामाङहरुकै बाहुल्यता रहेको लेखक लामाले बताउनुभयो । कार्यक्रममा यश लामा, सुवास सजल, वनस्तम थिङ लगायतले पाठकीय टिप्पणी राखेका थिए । किताबघर हेटौंडा र ’आह्वान’को संयुक्त आयोजनामा भएको कार्यक्रममा आख्यानकार उमा सुवेदीले ‘आह्वान’का गतिविधिबारे जानकारी गराउनुभएको थियो ।

# क्याम्पसलाई सहयोग गर्न सकिन्छ

**समाज संवाददाता**

हेटौँडाः क्याम्पसले प्रस्ताव गरेको योजनाका लागि आफूले सहयोग गर्न सक्ने संघीय सरकारका प्रमुख सचेतक महेश कुमार बर्तौलाले धारणा राख्नुभएको छ । हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसको १६ औं क्याम्पस सभाको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बर्तौलाले क्याम्पसले योजना बनाएर प्रस्ताव राखेको पूर्वाधार विकासका लागि सहयोग गर्न सकिने बताउनुभयो ।

३ तहका प्रदेश, संघीय र स्थानीय सरकारले आफैले पूर्वाधारको विकासका लागि सहयोग गर्ने सक्ने उहाँले बताउनुभयो । क्याम्पसलाई सञ्चालन गर्ने सन्दर्भमा स्रोत र साधनको उचित व्यवस्थापन हुनुपर्ने बताउनुहुँदै समाजको सकारात्मक दृष्टिकोणले क्याम्पस सञ्चालनको सन्दर्भमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँले बताउनुभयो । शिक्षाको विकासलाई मात्र मूल्याङ्कन नगरेर प्रविधिमैत्री शिक्षाको वातावरणको सिर्जना गर्नुपर्ने कुरालाई उहाँले औंल्याउनुभएको छ । हरेक क्याम्पसका आवद्ध शिक्षक तथा सञ्चालक समितिका पदाधिकारीहरुले क्याम्पसमा बढी भन्दा बढी विद्यार्थीको आर्कषण कसरी बढाउन सकिन्छ भन्ने तर्फ लाग्नुपर्ने कुराको जीकिर गर्नुभएको हो ।

राष्ट्रियको आवश्यकता अनुसार इन्जिनियर, शिक्षक, डाक्टर, नर्सको उत्पादन गर्न आवश्यक रहेको उहाँले टिप्पणी गर्नुभयो । मार्केटमा माग अनुसारको नीतिगत तरिकाले कृषि अधुनिकीकरण लगायतको तालिमहरु सञ्चालन गर्नुपर्ने उहाँको भनाई छ । योजना बिहिनको तालिम सञ्चालन गर्न नहुने उहाँले दावी गर्नुभएको छ । विद्यालय तथा क्याम्पसको शैक्षिक वातावरणमा सुधार ल्याउनका लागि प्राध्यापकको मात्र नभइ सञ्चालक समितिका पदाधिकारी र विद्यार्थीको पनि महत्वपूर्ण भूमिका हुनुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

हेटौँडा क्याम्पसबाट शैक्षिक सत्र २०७७-२०८० मा शिक्षाशास्त्र सङ्काय स्नातक तहको बाह्य परीक्षामा सम्मिलित भई ५३.६८ प्रतिशत प्राप्ताङ्क सहित क्याम्पस प्रथम स्थान हासिल गर्न सफल हुने गायत्री नेपाल, ५३.६४ अंक ल्याएर द्वितीय हुने अन्जन चौलागाईं, ५२.५५ प्रतिशत अंक ल्याएर तृतीय हुने सोमराज बोम्जनलाई नगद सहित सम्मानपत्र प्रदान गरिएको छ । शिक्षाशास्त्र शंकायको स्नातक तहको बह्य तहको परीक्षामा सहभागी भइ ५३.२७ प्रतिशत प्राप्त अंक सहित तृतीय हुने अस्मित सिनताङ, व्यवस्थापन संकायबाट स्नातक तहको परीक्षाबाट ५६.५० प्रतिशत प्राप्ता अंक सहित द्वितीय हुने सुनिता सुवेदी र ५९.८५ प्रतिशत प्राप्त अंक ल्याउँदै व्यवस्थापन संकायबाट क्याम्पस प्रथम हुने मुस्कान घलानलाई नगद पुरस्कार तथा सम्मानपत्र प्रदान गरिएको छ ।

गत आर्थिक वर्ष २०८०/०८१ मा ४ करोड ८८ लाख ५ हजार ५ सय ७७ रुपैयाँको वास्तविक आयको प्रतिवेदन पेश गरिएको छ भने ५ करोड २२ लाख ४ हजार १ सय ६० रुपैयाँ व्यय वितरणको प्रतिवेदन पेश गरिएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ मा ६ करोड १२ लाख ५७ हजार ९ सय ५४ रुपैयाँको आय-व्यय विवरण रहेको छ । क्याम्पसको विविध खर्च १५ लाख १५ हजार रुपैयाँ, चालु खर्च ४ करोड ९६ लाख ५७ हजार ९ सय ५४ रुपैयाँ, पूजीगत खर्च १ करोड १६ लाख र कूल व्यय रकम ( चालु खर्च र पूँजीगत खर्च) ६ करोड १२ लाख ५७ हजार ९ सय ४५ रुपैयाँ रहेको छ ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष आन्नदराम पराजुलीको सभाध्यक्षमा सम्पन्न भएको क्याम्पस सभाको कार्यक्रममा कार्यक्रममा बागमती विश्व विद्यालयका अध्यक्ष प्रा.डा.चन्द्रमणि पौडेल, उपाध्यक्ष कुशुम सुवेदी, जिल्ला समन्वय समिति मकवानपुरका सभापति ललित घलान, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्ण घिमिरे, क्याम्पस प्रमुख देवीराम लामा, स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) हेटौंडा क्याम्पस कमिटीका अध्यक्ष अभि मैनाली लगायतको उपस्थिति रहेको थियो ।

# विद्यालयलाई शैक्षिक सामग्री सहयोग



शैक्षिक सागम्री हस्तान्तरण गरिँदै ।

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-१८ स्थित कमला आधारभुत विद्यालायलाई शैक्षिकक सामग्री सहयोग गरिएको छ । कपि, पेन्सील, पेन, भलिबल, फुटबललगायतको शैक्षिक सामग्री वडा नम्बर १८ ले प्रदान गरेको हो । विद्यालायले अतिरिक्त कार्यक्रमकालाई सामग्री मागको निवोदन दिएपछी बिहिबार वडाल सामग्री उपलव्ध गराएको हो ।

शैक्षिक सामग्री विद्यालयमा अनौपचारिकरुपमा कार्यक्रम आयोजना गरी वितरण गरिएको हो । सामग्री वडा सचिब महेश पुडासैनीले प्रदान गर्नुभयो र विद्यालाय व्यवस्थापन समितिका अध्यक्ष तेयानाथ तिमल्सिनाले ग्रहण गर्नुभएको थियो । अध्यक्ष तिमल्सिनाले वडाले सो सामग्री प्रदान गर्दा विद्यालयको अतिरिक्त कार्यक्रमा सञ्चालन गर्न सहाज हुने भन्दै वडा परिवारलाई धन्यवाद व्यक्त गर्नु भएको प्रध्यानाध्यापक गोविन्द उप्रेतीले जानकारी दिनुभयो ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ